# मिति २०८० असार ६ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : आर्थिक विधेयक, २०८० स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : विनियोजन विधेयक, २०८० स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : विषयगत समितिको प्रतिवेदन र प्रगति प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : आवधिक योजना स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : मध्यमकालिक खर्च संरचना स्वीकृतिको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : आन्तरिक आय तर्फको ढुङ्गा गिटी बालुवाको बिक्री ठेक्का स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ : स्थानीय दररेट समिति निर्धारण सम्बन्धमा ।

प्रस्ताव नं. १० : योजनाहरुको अनुगमन प्रतिवेदन तथा भुक्तानी अनुमोदन सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : मिति २०८० जेठ २८ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरु कार्यान्वयनको विषयमा आजको यस वैठकमा छलफल भई अघिल्लो वैठकबाट भएका निर्णयहरु शतप्रतिशत कार्यान्वयनमा गएको समीक्षा गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको आ.व. २०८०/०८१ को अनुसूची - १ मा उल्लिखित नीति तथा कार्यक्रमको मस्यौदा स्वीकृतिको लागि चौंधौं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाको अनुसूची -२ मा उल्लिखित आर्थिक विधेयक, २०८० सवीकृतिको लागि चौंधौं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :मेलम्ची नगरपालिकाको अनुसूची-३ मा उल्लिखित विनियोजन विधेयक, २०८० सवीकृतिको लागि चौंधौं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका अन्तर्गतका आर्थिक विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सुशासन तथा क्षमता विकास समितिबाट प्राप्त भएको आ.व. २०७९/०८० को अनुसूची-४ मा उल्लिखित प्रतिवेदन स्वीकृतिको लागि चौंधौं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : मेलम्ची नगरपालिकाको प्रथम पञ्चवर्षिय आवधिक योजना स्वीकृतिको लागि चौंधौं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको मध्यमकालिक खर्च संरचना, २०८०/०८१ स्वीकृतिको लागि चौंधौं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : आ.व. २०८०/०८१ को लागि ईन्द्रावती नदी तर्फ मेलम्ची नगरपालिका क्षेत्रको ढाँडखोला देखि माथि मेलम्ची नको सिमाना खाल्डे खोलासम्म र मेलम्ची नदी त .पा.र्फ तालामाराङसम्मको IEE प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुंगा, गिटी, बालुवा, स्लेट, रोडा विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) गर्नको लागि मिति २०८०।०२।०७ मा राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आव्हान गरिएकोमा मिति २०८०।०३।०५ गते दिनको १२:०० बजेसम्म तीन वटा निर्माण फर्म/कम्पनीबाट बोलपत्र पेश भएको छ । प्राप्त भएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा काठमाडौं

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय

महानगरपालिका वडा नं. १४ बल्खु, काठमाडौं स्थित सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. ले मू.अ.कर सहित रु. ३३,१३,३३,३३३।३३ (अक्षरुपी तेत्तिस करोड तेह्र लाख तेत्तिस हजार तीन सय तेत्तिस रुपैयाँ पैसा तेत्तिस मात्र) कबोल गरी पेश गरेको बोलपत्र अन्य बोलपत्रदाताको भन्दा उच्च अङ्क कबोल गरी पेश गरेको र उक्त बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएको हुँदा काठमाडौं महानगरपालिका वडा नं. १४, बल्खु स्थित सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. ले मू.अ.कर सहित रु. ३३,१३,३३,३३३।३३ (अक्षरुपी तेत्तिस करोड तेह्र लाख तेत्तिस हजार तीन सय तेत्तिस रुपैयाँ पैसा तेत्तिस मात्र) कबोल गरी पेश गरेको बोलपत्र स्वीकृत गरी सम्झौता प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ९ : मेलम्ची नगरपालिकाको आ.व. २०८०/०८१ को स्थानीय दररेट निर्धारण गरी १५ (पन्ध्र) दिन भित्र प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको स्थानीय दररेट निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. पूर्वाधार विकास समिति संयोजक श्री चन्द्र बहादुर तामाङ – संयोजक
२. वडा अध्यक्ष, श्री कृष्ण मुरारी चौलागाईं – सदस्य
३. वडा अध्यक्ष, श्री कुमार बञ्जारा – सदस्य
४. वडा अध्यक्ष, श्री सञ्जिव तामाङ – सदस्य
५. वडा अध्यक्ष, श्री किरणदिप खड्का – सदस्य
६. वडा अध्यक्ष, श्री अमृत खनाल – सदस्य
७. वडा अध्यक्ष, श्री श्रीराम घोरासैनी – सदस्य
८. ई. श्री राजु दंगाल – सदस्य
९. ई. श्री तिलक बस्नेत – सदस्य
१०.ई. श्री जित बहादुर कार्की – सदस्य सचिव

निर्णय नं. १० : मेलम्ची नगरपालिका भित्रका विभिन्न योजनाहरुको अनुगमन गरी तयार पारिएको अनुसूचीमा उल्लिखित प्रतिवेदन आजको यस वैठकमा छलफल गरियो । साथै, उक्त अनुमगन प्रतिवेदनमा उल्लेख भएका तथा नगरपालिकाबाट हालसम्म सम्पन्न भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल